# ९

# मानव हृदयभित्र पोषीराखेका आइडल अर्थात् मुर्तीहरू र येशूले सिकाउनुभएका अरू पाठहरू

*__यस अध्यायका मूल पदहरू:__* उपदेशक ९::१०, मत्ती १८:१-४, मत्ती १८:२१-३५, मत्ती १९:१६-३०, गलाती ३:२१,२२ र मत्ती १९:२७।

*__यस अध्यायको स्मरण गर्नुपर्ने मूल सार पद:__* "त्यस बखत येशूका चेलाहरू उहाँकहाँ आएर सोधे, 'परमेश्वरको राज्यमा सब भन्दा महान् को हो?'" (मत्ती १८:१ रूपान्तरित)।

हामीहरू मानव भएको कारणले हामीहरूको वातावरण र संस्कारमा हामीहरू भिजिरहेका हुन्छौं। ती वातावरण र संस्कारले हामीहरूको आस्था, मूल्यमान्यता र मनस्थिति वा विवेकलाई गम्भिर रूपमा प्रभाव पारिराखेका हुन्छन्। तपाईं हुर्कनुभएको वातावरण र संस्कार तथा संस्कृतिले तपाईंको व्यक्तित्वको रूपरेखा निर्माण गरेको हुन्छ अर्थात् तपाईं को हुनुहुन्छ त्यो तपाईं हुर्कनुभएको समाजको प्रतिबिम्ब तपाईंले गरिरहेनु भएको हुन्छ। तपाईं नयाँ समाज, नयाँ वातावरण र नयाँ संस्कारमा सरिक हुनुभएतापनि तपाईं जुन् वातावरण र संस्कारमा हुर्कनुभएको थियो त्यसको छाप तपाईं नमरुञ्जेल तपाईंमा रहिरनेछ।

तर दुःख लाग्दो कुरो त यो छ कि प्रायजसो हामीहरूको वातावरण र संस्कार वा संस्कृति तथा रहनसहनहरू परमेश्वरका नीतिहरूको बिपरित चलिरहेको हुन्छ। यस संसार पापले गर्दा भयाभव रूपमा पतित भएको छ। यस संसारमा बनाइएका प्रायजसो नीतिनियम, मूल्यमान्यता, संस्कार तथा रहनसहनहरूले विग्रेको संसारको अवस्थालाई प्रतिबिम्ब गरिरहेको हुन्छ। पापको भुकम्पले भत्केको संसारले अरू के देखाउन सक्छ र? हामीहरू हामीहरूकै संस्कार तथा रहनसहन र वातावरणमा संलघ्न भइरहेको हुनाले परमेश्वरको राज्यको नीतिले कसरी काम गरिरहेको छ भनेर प्रायजसो बुझ्न असमर्थ भइरहेका हुन्छौं।

हामीहरूको हृदय परमेश्वरको अनुग्रहको प्रयोगशाला हुनुको अर्थ त्यसले हामीहरूलाई परमेश्वरको राज्यमा चाहिने नीतिनियम, मूल्यमान्यता, आदर्श चरित्रलाई औंल्याइरहेका हुन्छन्। परमेश्वरका ती नीतिनयमहरू, मूल्यमान्यताहरू, हामीहरूको जीवनमा उहाँको चाहनाहरू हामीहरू हुर्केको

संस्कार, संस्कृति, वातावरण र रहनसहनहरूभन्दा प्रायजसो भिन्न भएको हामी यस अध्यायमा हेर्नेछौं। येशूका चेलाहरूले आफूहरू भिजेको समाजभन्दा बिपरित परमेश्वरका नीतिहरू पालन गर्नुपर्ने चुनौतिको सामना गरेका थिए भने त्यसमा हामी पनि अलगिएका छैनौं भनेर थाहा पाउन जरुरी मान्नुपर्छ।

## १. महान् हुनुभनेको नम्र हुनु हो (मत्ती १८:१-४)

जुनसुकै मूल्य चुकाउन पनि पछि नपर्ने यस संसारमा आफ्नो भाऊ खोज्न वा ठूलो हुन को मानिस नहोला? ठूलो काम गर्न वा नाउँ कमाउन तँछाडमछाड गर्न नचाहने को होला? यो कुरा पनि मान्नुपर्छ कि ठूलो हुन चाहने चाहना स्वार्थी कारणले पनि नहुन सक्छ। महान् हुनु भनेको तपाईंलाई दिएको जिम्मेवारीलाई तपाईंको क्षमता अनुसार उत्कृष्ट वा इमान्दारी र मेहनतसाथ काम गरेर देखाउनु पनि हुन सक्छ। त्यस परिप्रेक्ष्यमा हामीले जे काम गरेर देखाएतापनि हामी आशा गर्दछौं कि हामीले गरेको कामले अरूहरूको उत्थान होस् र तिनीहरूलाई आशिष मिलोस (उपदेशक ९:१०)।

तर महान् हुनु वा ठूलो हुनु भनेको के हो भनेर व्याख्या गर्न खोज्दा हामीहरूमा समस्या उब्जन सक्छ। परमेश्वरको दृष्टिकोणमा  महान् हुनुको अर्थ धेरै फरक भएतापनि हामी मानिस जाति पतित भएको कारणले हामीहरूको दिमागले आफ्नै परिभाषा दिन सजिलो भएको हामी पाउन सक्छौं।

येशूकै परिभाषामा सही महानता वा ठूलो हुनु भनेको के हो? त्यस परिभाषालाई हामीहरूको जीवनमा लागु गर्न कसरी सिक्ने? हेर्नुहोस् मत्ती १८:१-४, "१ त्यही समय चेलाहरू येशूकहाँ आएर सोधे, “स्वर्गको राज्यमा सबैभन्दा महान् को हो?”

२ उहाँले एउटा सानो बालकलाई नजिक बोलाएर तिनीहरूका माझमा उभ्याउनुभयो, ३ र भन्नुभयो, “साँच्चै, म तिमीहरूलाई भन्दछु, मन परिवर्तन भएर तिमीहरू साना बालकहरूजस्ता भएनौ भने कहिल्यै स्वर्गको राज्यमा पस्नेछैनौ। ४ जसले यो सानो बालकजस्तै आफूलाई नम्र तुल्याउँछ, त्यही स्वर्गको राज्यमा सबैभन्दा महान् हुनेछ।"

चेलाहरू परमेश्वरको राज्यमा ठूलो हुन तँछाडमछाड गरिरहेको समयमा येशूले एक साना बालकलाई तिनीहरूको सामु उभ्याएर भन्नुभयो, "जो मानिस यो सानो बालक जस्तो नम्र भएर झुक्न सक्दछ, त्यही नै सबभन्दा महान् वा ठूलो हुन्छ" (मत्ती १८:४ रूपान्तरित)। परमेश्वरको राज्यमा सबभन्दा महान् वा ठूलो हुन महान् प्रचारक हुनुपर्छ भन्नु भएन न त धनाढ्य वा ठूलो

व्यापारी हुनुपर्छ भन्नुभयो। उहाँले महान् परोपकारी, उदारवादी वा त्यागी भएर देखाउँदा परमेश्वरको राज्यमा ठूलो वा महान् हुन्छ भन्नुभएन। परमेश्वरको आँखामा महानता वा ठूलो हुनु भनेको हामीहरूको हृदयमा केमा छ त्यसमा भरपर्छ तर बाहिर पद, फुर्ती, रवाफ देखाएर होइन न त आफूले गरेको काममा भाऊ खोजेर हुन्छ। त्यसकारण, हामीहरूको भित्री मन वा नियतमा के छ त्यसले बाहिरको जीवनलाई प्रभावित पार्दछ भन्ने कुराले हामीलाई अचम्म पार्नुहुन्न।

यो पनि स्पष्ट हुनु होस्, जुन रूपमा ठूलो वा महान् हुनु भनेको के हो भनेर संसारका मानिसहरूले प्रायजसो जसरी व्याख्या गर्दछ त्यसको बिपरित व्याख्या येशूले गर्नुभएको हामी पाउँछौं। निन्द्रावाट बिउँझिएर आज म महान् हुन्छु वा अरूलाई माथ गर्दै आफू उचलिएर बस्छु भन्ने मनस्थितिम के नम्र र सानो बालक परिरहेको हुन्छ र? बालकले यस्तो कुरो सोच्छ भन्ने कुरालाई सोच्नु नै हामीहरूको अगाडि अनौठो कुरो हो। तर संसारमा अरूमाथि शासन गर्ने प्रवृत्ति, आफ्नो भाऊ खोज्ने संस्कार, संसारमा चलिरहेको नीति, बिचार, तर्क तथा ज्ञानविज्ञानले हामी सबैलाई प्रभाव पारिरहेको हुँदा हामी बिहानी निन्द्रावाट बिउँतिने बित्तिक्कै आजको दिन अरूको मोलमा आफ्नो भाऊ कसरी बढाउने भन्ने सोचमा पस्रिन थालेको हुन्छौं।

सानो बालक जस्तो नम्र हुनु भनेको के हो? नम्रताको एक उल्लेखनीय स्वभाव आज्ञाकारी हुनु हो। आफूलाई अऱ्हाएको कामलाई शिरोपर गरेर मान्नु हो। त्यसको अर्थ यो पनि हो कि परमेश्वरको सत्य वचनलाई हामीहरूको चाहना वा महत्वाकाँक्षाभन्दा अघि राख्नु हो। यदि तपाईंको जीवनमा तपाईं गलत बाटोमा हिंडिरहनुभएको छ भने त्यो तपाईंकै इच्छाले हिंडिरहेको हुन्छ। तर त्यो गलत बाटो वा आफूलाई फसाउने बाटोमा नहिंड्ने एउटैमात्र उपाय छ, त्यो हो तपाईं परमेश्वरको बचनमा झुकेर उहाँको मार्गमा हिंड्नु। यदि आदम र हव्वा नम्र भएर चलेका भए वा परमेश्वरको वचनलाई शिरोपर गरेर हिंडेको भए तिनीहरूले पाप गर्ने थिएनन्। दुवै जीवनको रूख र असल तथा खराबको ज्ञान दिने रूख बँगैचाको बीचमा राखिएको रहेछ भन्ने कुरा अर्थपूर्ण छ। जीवन र मरण वा ध्वस्त मार्ग प्रायजसो नजिक नजिकै भएको हुन्छन्। कुन् रूखको फल खाएर हामी बाँच्ने त्यो हामीहरूको नम्रतामा भर पर्छ। परमेश्वरको वचनसँग मेल नखाने यस संसारका केही नीति, तर्क र धारणाहरू के के छन्? सोच्नुहोस् र तपाईं कुन् बाटोमा हिंड्ने हो त्यो आत्मनिर्णयको अधिकार

तपाईंलाई नै सुम्पिएको हुनाले त्यसको जिम्मेवारीलाई तपाईंले कसरी बहन गर्ने?

## २. क्षमाशील हुनुको महानता (मत्ती १८:१५-३५)

**आदम र हव्वाको पतनले ल्याएको अत्यन्त भयाभव वा आतङ्कित गर्ने नतिजा हामीहरूको एक आपसमा हुने सम्बन्धमा देखापरिरहेको पाउँछौं। आदमले पापको निम्ति आफ्नै श्रीमती हव्वालाई दोष दिनेदेखि लिएर (उत्पत्ति ३:१२) आजसम्म व्यक्ति व्यक्तिको बीचमा हुने मतमुताव र झगडाले हामी मानिस जातिलाई पिरोलिरहेको छ। यो दुःखलाग्दो छ कि परमेश्वरलाई विश्वास नगर्ने मानव समाजमामात्र नभएर यो झगडा चर्चमा पनि जरा गाडिरहेको र त्यसले उर्बरा पाइरहेको हामी पाउँछौं।**

प्रभु येशूले विश्वासी बिश्वासीहरूको बीचमा अपनाउनुपर्ने नीतिलाई मत्ती १८:१५-३५मा उल्लेख गर्नुभएको छ। यहाँ येशूले के भनिरहनुभएको छ र प्रायजसो हामी सेभेन्थ-डे एडभेन्टिस्ट इसाई भनेर दावी गर्नेहरूले पनि त्यो नीति नअपनाएको हामी किन पाउँछौं? हेर्नुहोस्: "१५ "तिम्रो भाइले तिम्रो विरुद्धमा अपराध गर्‍यो भने, गएर तिमीहरू दुई मात्र हुँदा त्यसको दोष देखाइदेऊ। त्यसले तिम्रो कुरा सुन्यो भने, तिम्रो भाइ आफ्नो भयो। १६ तर त्यसले सुनेन भने आफ्नो साथ अरू एक वा दुई जनालाई लैजाऊ र दुई अथवा तीन साक्षीद्वारा प्रत्येक कुरा पक्का होस्। १७ यदि त्यसले तिनीहरूका कुरा पनि सुन्न इन्कार गर्‍यो भने, मण्डलीलाई भन। त्यसले मण्डलीको कुरा पनि सुन्न इन्कार गर्‍यो भने, त्यो तिम्रो लागि विधर्मी र कर उठाउनेसरह होस्। १८ "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले पृथ्वीमा जे बाँध्छौ, त्यो स्वर्गमा बाँधिनेछ। अनि तिमीहरूले पृथ्वीमा जे फुकाउँछौ त्यो स्वर्गमा फुकाइनेछ। १९ "फेरि म तिमीहरूलाई भन्दछु, पृथ्वीमा तिमीहरूमध्ये दुई जना कुनै कुरामा सहमत भई केही माग्यौ भने, त्यो स्वर्गका मेरा पिताद्वारा तिमीहरूका निम्ति हुनेछ, २० किनकि जहाँ दुई कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरूका माझमा हुनेछु।" २१ तब उहाँकहाँ आएर पत्रुसले भने, "प्रभु, मेरो भाइले कति पल्ट मेरो विरुद्धमा अपराध गरे मैले त्यसलाई क्षमा गर्ने? के सात पल्टसम्म?" २२ येशूले तिनलाई भन्नुभयो, "म तिमीलाई भन्दछु, सात पल्ट होइन, तर सत्तरी गुणा सात पल्ट। २३ "यसैकारण स्वर्गको राज्य एउटा राजासँग तुलना गर्न सकिन्छ, जसले आफ्ना नोकरहरूसँग हिसाब लिने इच्छा गरे। २४ जब तिनले हिसाब लिन लागे, दश हजार सुनका

सिक्का ऋण लिने एक जना तिनीकहाँ ल्याइयो। २५ तर त्यस मानिसले तिर्न नसक्दा त्यसका मालिकले त्यसलाई र त्यसका पत्नी र छोरा-छोरी र त्यसका सबै थोक बेची ऋण चुकाउने हुकुम दिए। २६ “तब त्यस नोकरले घुँड़ा टेकी तिनका पाउमा परेर भन्न लाग्यो, ‘मालिक, ममाथि धैर्य गर्नुहोस्, म तपाईंको सबै ऋण चुकाउनेछु।’ २७ तब त्यस नोकरका मालिकले टिठ्याएर त्यसलाई छोडिदिए, र त्यसको ऋण माफी गरिदिए। २८ “तर त्यस नोकरले निस्केर जाँदा आफ्नो सङ्गी-नोकरहरूमध्ये एक जनालाई भेट्यो, जो त्यसको एक सय चाँदीका सिक्काको ऋणी थियो। उसलाई घोक्रोमा पक्रेर त्यसले भन्यो, ‘तेरो ऋण तिरिहाल्।’ २९ “तर त्यसको सङ्गी-नोकरले घोप्टो परेर त्यसलाई बिन्ती गऱ्यो, ‘ममाथि धैर्य गर, म तिमीलाई सबै तिरिदिनेछु।’ ३० “तर त्यो मानेन, र गएर ऋण नतिरुञ्जेलसम्म उसलाई झ्यालखानमा हालिदियो। ३१ त्यसका सङ्गी-नोकरहरूले यी सब देखे र तिनीहरू अति दुःखित भए। तिनीहरूले गएर यी सब घटना आफ्ना मालिकलाई बताइदिए। ३२ “तब मालिकले त्यस नोकरलाई आफूकहाँ बोलाएर भने, ‘ए दुष्ट नोकर, तैंले मसँग बिन्ती गरिस्, र मैले तँलाई तेरो ऋण माफी गरिदिएँ। ३३ मैले तँमाथि दया गरेझैं तैंले पनि तेरो सङ्गी-नोकरमाथि दया गर्नुपर्नेथिएन?’ ३४ तब त्यसका मालिकले क्रुद्ध भएर त्यसलाई सबै ऋण नतिरुञ्जेल दण्ड दिनेहरूका हातमा सुम्पिदिए। ३५ “तिमीहरूले आफ्नो भाइलाई आफ्नो हृदयदेखि क्षमा गरेनौ भने, स्वर्गमा हुनुहुने मेरा पिताले पनि तिमीहरूसँग त्यसै गर्नुहुनेछ।”

**हामीहरूको प्रवृत्तिलाई भन्डाफोर गरौं: कसैको बिरुद्धमा हामी छौं वा गुनासो गर्न चाहन्छौं भने त्यसकहाँ सिधै गएर आफ्नो मनमा लागेको कुरा भनेर समस्याको समाधान खोज्नुभन्दा उसको पछाडि गएर अरूसँग कुरा काट्नु हामीलाई सजिलो भएको पाउँछौं। त्यसैकारण प्रभुले भन्नुभएतापनि हामी मुखामुख पर्न चाहन्नौं। यद्यपि, हामीहरूको समस्यालाई समाधान गर्न हामीलाई चित्त दुःखाउने वा हानी गर्नेकहाँ सिधै जान येशूले निर्देशन दिनुभएको पाउँछौं। यदि त्यस व्यक्तिले हामीहरूको कुरा सुनेन भने के गर्ने भनेर थप निर्देशन येशूले दिनुहुन्छ। "जहाँ दुई वा तिन जना मानिसहरू मेरो नाउँमा भेला हुन्छ, म त्यहाँ तिनीहरूसँग हुन्छु" (मत्ती १८:२० रूपान्तरित)। यस पदको अर्थलाई नियाल्नुहोस्। यसले एक आपसमा सुधार गर्न, सहयोग गर्न र परमेश्वरको उपस्थितिको अनुभव गर्दै उहाँकहाँ एक भएर जान सुझाव दिंदछ।**

सानो समूह नै किन नहोस्, तिनीहरूले विश्वासबाट तर्केर जाने भाईलाई परमेश्वरकहाँ फिर्ता ल्याउन खोज्छ भने त्यहाँ पवित्र आत्माको उपस्थिति हुन्छ भनेर येशूले भन्नुभएको थियो। पापबाट मुक्त हुने त्यो सुन्दर उपाय हो। त्यो काम त्यसबेला सुरू हुन्छ जब नम्र भएर जे ठिक छ त्यही गर्ने र तपाईंलाई नोक्सान पुऱ्याउनेकहाँ सिधै गएर आफ्नो दुखेसो पोखाउनुहुन्छ। जो मानिसले त्यो नीति अपनाउँछ त्यो महान हुन गएको अर्को उदाहरण हो। मत्ती १८:२१-३५ फेरि पढ्नुहोस्। येशूले यहाँ के अत्यन्त महत्त्वपूर्ण बिषय वस्तुलाई औँल्याइरहनुभएको छ?

पत्रुसको जिज्ञासाको उत्तर दिँदै येशूले भन्नुहुन्छ "सत्तरी गुणा सातपल्टसम्म आफ्नो भाइलाई क्षमा दिनुपर्छ।" कसैलाई क्षमा दिनबाट कहिलै रोक्नुहुन्न भनेर येशूले व्यक्त गर्नुभएको हामी पाउँछौं। क्षमा दिनु कति आवश्यक छ भनेर त्यस मामिलामा येशू अत्यन्त गम्भिर हुनुभएको हामी पाउँछौं। त्यसो गर्दा अरूलाई मात्र होइन हामी आफैलाई पनि फाइदा हुन्छ। आफूले भन्न चाहेको नीतिलाई व्यक्त गर्न येशूले भन्नुभएको कडा अर्तीकथालाई हेर्नुहोस्। हामीले धेरै कुराहरूमा क्षमा दिन सक्छौं। सुसमाचारको निचोड पनि त्यही हो। क्षमा दिने नीति बाइबलको सार हो (प्रस्थान ३२:३२, प्रेरित ५:३१, कलस्सी १:१४ आदि)। जसरी परमेश्वरले हामीलाई क्षमा दिनुहुन्छ त्यसरी नै हामीले अरूलाई क्षमा दिएनौं भने त्यसको नतिजा हामीले पनि गम्भिररूपमा भोग्नुपर्ने हुन्छ।

क्षमाको मामिलामा हामीलाई सिकाइएको क्रुसको बारेमा र क्षमाको बारेमा अत्यन्त गम्भिर भएर सोच्नु किन आवश्यक छ? तपाईंलाई क्षमा दिन येशू क्रुसमा मर्नुभयो। त्यसकारण अरूलाई क्षमा दिन मुश्किल भएतापनि अरूलाई क्षमा दिने बानी तपाईंले कसरी सिक्ने?

## ३. हृदयभित्र पोषाइराखेका मुर्तीहरू (मत्ती १९:१६-३०)

मत्ती १९:१६-३०मा येशूलाई पछ्याउँछु भन्नेहरूलाई चुनौतिपूर्ण निर्देशन दिनुभएको छ। बर्तमान परिप्रेक्ष्यमा त्यसलाई कसरी बुझ्ने? त्यसबाट हामीले के पाठहरू सिक्न सक्छौं? हेर्नुहोस्: "१६ उहाँकहाँ आएर एक जनाले भने, "हे गुरु, मैले अनन्त जीवन प्राप्त गर्नलाई के असल काम गर्नुपर्छ?" १७ उहाँले तिनलाई भन्नुभयो, "असल के हो त्यस विषयमा तिमी मलाई किन सोध्दछौ? असल त एउटै मात्र हुनुहुन्छ। तर तिमी जीवनमा प्रवेश गर्न इच्छा गर्दछौ भने, आज्ञाहरू पालन गर।" १८ तिनले उहाँलाई भने, "कुन-कुनचाहिँ?"

येशूले भन्नुभयो, "तिमीले हत्या नगर्नू, तिमीले व्यभिचार नगर्नू, तिमीले चोरी नगर्नू, तिमीले झूटो गवाही नदिनू। १९ आफ्ना आमा-बुबाको आदर गर्नू, र आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नू।" २० ती जवान मानिसले उहाँलाई भने, "यी सब त मैले पालन गरेकै छु। अब ममा के कमी छ?" २१ येशूले तिनलाई भन्नुभयो, "तिमी सिद्ध हुन चाहन्छौ भने, गएर तिमीसित भएका सबै बेचेर दरिद्रहरूलाई देऊ, र तिमीले स्वर्गमा धन प्राप्त गर्नेछौ, अनि आएर मपछि लाग।" २२ जब ती जवान मानिसले यो कुरा सुने, तिनी दुःखित भएर गइहाले, किनकि तिनको धेरै धन-सम्पत्ति थियो। २३ अनि येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, स्वर्गको राज्यमा धनी मानिसलाई प्रवेश गर्नु गाह्रो पर्नेछ। २४ फेरि म तिमीहरूलाई भन्दछु, धनी मानिसलाई परमेश्वरको राज्यभित्र पस्नुभन्दा बरु ऊँटलाई सियोको नाथ्रीबाट छिर्नु सजिलो हुनेछ।" २५ यो सुनेर चेलाहरूले अति आश्चर्य मानी सोधे, "तब कसले उद्धार पाउन सक्छ?" २६ येशूले तिनीहरूमाथि दृष्टि लगाई भन्नुभयो, "मानिसहरूका लागि यो असम्भव छ, तर परमेश्वरको लागि सबै कुरा सम्भव छ।" २७ तब पत्रुसले उहाँलाई भने, "हेर्नुहोस् हामीले त सबै थोक छोड़ेर तपाईंको पछि लागेका छौं। हामीले चाहिँ के पाउनेछौं?" २८ येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरू जो मेरो पछि लागेका छौ, नयाँ सृष्टिमा जब मानिसको पुत्र आफ्नो महिमाको सिंहासनमा बस्नेछ, तब तिमीहरू पनि बाह्र सिंहासनमा बस्नेछौ, र इस्राएलका बाह्र कुलमाथि इन्साफ गर्नेछौ। २९ हरेक जसले मेरो नाउँको खातिर घर, दाजुभाइ वा दिदी-बहिनी अथवा बुबा वा आमा वा छोरा-छोरी वा जग्गाजमिन छोड़ेको छ, त्यसले सय गुणा पाउनेछ, र अनन्त जीवनको अधिकार पाउनेछ। ३० तर धेरै जो पहिला छन् पछि पर्नेछन्, र पछि हुनेहरूचाहिँ पहिला हुनेछन्।"

**येशूकहाँ आएर प्रश्न गर्नेको नाउँ बाइबलमा बताएको छैन। तर त्यो मानिस कस्तो थियो भनेर कथाबाट आभास् पाउन सक्छौं। त्यो मानिस धनी थियो र साथै प्रशासक अधिकृत वा शासन गर्ने व्यक्ति थियो (लूका १८:१८)। त्यो व्यक्ति परमेश्वरको व्यवस्थालाई कडारूपमा पालन गर्दथ्यो। तर जति धनी भएतापनि धर्मकर्ममा तल्लिन भएतापनि त्यसको हृदयमा केही न केही कमी भएको उसले महसुस गरेको थियो। पन्द्रौं शताब्धीको इसाई सुधारवादी मार्टिन लुथरको कथासँग त्यो व्यक्तिको कथा केही हदमा मिल्दोजुल्दो भएको पाइन्छ। मार्टिन लुथर रोमन क्याथोलिक चर्चको सम्मानननीय धार्मिक पुजारी वा फादर**

थिए। उनले जतिसुकै चर्चको धार्मिक विधिहरू पालन गरेतापनि आफ्नो अध्यात्मिक जीवनदेखि उनि संतुष्ट थिएन। मुक्तिको प्रतिज्ञाको अवधारणाप्रति उनले संघर्ष गरेका थिए। ती दुवै व्यक्तिहरूले यो आभास् पाएका थिए कि धर्मकर्म र असल काम गर्दैमा तिनीहरू र परमेश्वरको बीचमा भएको महान् खाल्डो पुरिन्दैन।

"ती शासकले आफ्नो धार्मिक आचरणको ठूलो मोल भएको ठानेका थिए। तर आफ्नो कमजोरीको बारेमा उनले यथार्थमा सोचेकै थिएन। तर आफू जतिसुकै धर्मी भएको दावी गरेतापनि आफ्नो जीवनबाट उनि संतुष्ट थिएनन्। सबै थोक भएतापनि केही न केही कमी भएको उसले महसुस गरेको थियो। जसरी येशूले बालबालिकाहरूलाई आशिष दिनुभयो के उहाँले पनि उनलाई श्यावास दिएर आशिष दिन सक्नुहुन्न र जसले गर्दा उनको मनमा भएको कमीलाई संतुष्ट पार्दछ?-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ५१८बाट रूपान्तरित।

हामीले अनन्त जीवन पाउन असल काम गर्नुपर्छ भनेर येशूले अनुमोदन गर्नुभएको थियो भनेर त्यस कथाले भन्छ भनेर कतिले तर्क गर्न सक्छन्। आखिरमा मत्ती १९:१७मा येशूले भन्नुभएकै थियो, "यदि तिमी अनन्त जीवन पाउन चाहन्छौं भनेर आज्ञाहरू पालन गर।" यदि त्यस विषयमा केवल त्यो मात्र पद छ भने त्यो बादबिबादको विषय हुनसक्छ। तर बाइबलमा अरू धेरै पदहरू छन् विशेष गरेर पावलको लेखहरूमा औंल्याएका छन् कि मानिसले दश आज्ञा वा व्यवस्था पालन गरेर मुक्ति पाउँदैन बरू त्यसले हामीहरूलाई मुक्तिको आवश्यकता भएको देखाउँछ (रोमी ३:२८, गलाती ३:२१,२२, रोमी ७:७ आदि)। बरू आफूले गरिरहेको कामभन्दा उसलाई ठूलो आवश्यकता केही छ भनेर उसले महसुस गरून् भनेर येशूले देखाइरहन खोज्नुभएको थियो भनेर हामीले सोच्न सक्दछौं। यदि दश आज्ञाहरू पालन गरेर मुक्ति पाउँछ भने त्यस व्यक्तिले मुक्ति पाइसकेको हुनुपर्थ्यो किनकि उसले व्यवस्थालाई बढो होशियारसाथ पालन गरिरहेका थिए। तर सुसमाचारले हृदयको जगलाई सिधै खोतल्नै पर्छ र हृदयमा भएका मुर्तीहरूलाई पहिचान गरेर तिनीहरूलाई हटाउनै पर्दछ। परमेश्वर र हामीहरूको बीचमा खडा भएको जुनसुकै तगारो पनि हटाउन आवश्यक छ। त्यस व्यक्तिको मामिलामा उनिसँग भएको धनसम्पत्तिको थुप्रोमा परमेश्वर अटाउन सक्नुभएको थिएन। त्यस कथाको लगत्तै लूकाले

जक्कैको कथा लेखेर धनीले पनि कसरी मुक्ति पाए भनेर देखाएको थियो (लूका १९:१-१०)।

यदि तपाईं पनि त्यही धनी मानिस जस्तै हुनुहुन्छ। यदि तपाईंले येशूलाई त्यही प्रश्न गर्नुभयो भने त्यसको जवाफ येशूले के दिनुहुन्छ होला? त्यसलाई तपाईंले गहिरिएर सोच्नुहोस्।

## ४. येशूलाई पछ्याएर हामीले के पाउँछौं र? (मत्ती १९:२७)

धनी शासकसँग कुराकानी भएको लगत्तै पछि येशू र पत्रुसको बीचमा सबैको चासोको विषयभएको बार्ता हुन्छ। अनि "पत्रुसले उहाँ (येशूलाई जवाफ दिन्छन्, 'तपाईंलाई पछ्याउन हामीले सबै थोक छोड्यौं। त्यसको बदलामा हामीले के इनाम पाउँछौ त?'" (मत्ती १९:२७ रूपान्तरित)।

पत्रुसले कुन् सन्दर्भमा त्यस जवाफ दिएको थियो भनेर उपरोक्त पदमा कहीं पनि उल्लेख गरेको छैन। तर येशूको सुझावलाई धनी शासकले अस्वीकार गरेकै कारणबाट त्यो वाक्य पत्रुसको मुखबाट निस्केको हुनुपर्छ। त्यस धनी मानिस र अरूहरूले येशूलाई ग्रहण गर्न वा उहाँसँग रहन अस्वीकार गरेको तर आफूहरूचाहीं उहाँसँग रहेकोले पत्रुसको भावना अर्कै भएको देखिन्छ। येशूको पछि पछि लाग्न पत्रुस र अरू चेलाहरूले आफ्ना घर र आफूसँग भएका यावत थोकहरू छोडेका थिए। आफ्नो व्यक्तिगत मूल्य चुकाएर भएपनि येशूसँग तिनीहरू बफादारी भएर बसेका थिए। त्यसकारण येशूको निम्ति सबै थोक छोडेको कारण उहाँले हामीलाई के दिनुहुन्छ भन्ने प्रश्न सबै मानव जातिले स्वभाविकै रूपमा गर्नेमा अचम्म मान्नुपर्दैन।

बर्तमान परिप्रेक्ष्यमा हामीले हेर्दा त्यस प्रश्नले चेलाहरूको मन कस्तो कठोर भएको र तिनीहरू आत्मिक रूपमा टाट पल्टेको देखाउन सक्छ। यद्यपि, पत्रुसको प्रश्न हामीले पनि सोध्नु आवश्यक किन नहुने? येशूको पछि लाग्दा उनले के पाउने भनेर सोध्नु यथार्थमा के जायज छैन र?

यस संसारको जीवन कठोर छ। यस संसारमा भएको सबैभन्दा उत्तम थोकहरूको उपभोग गर्नेहरूको निम्ति पनि यस जीवन सजिलो छ भन्न मिल्दैन। यस पापी संसारमा तैरिरहेको हामीहरूको जीवनमा निराश, कष्ट र पिडाहरूको सामना सबैले गर्नुपर्छ। अठारौं शताब्धीमा इटालीको गिकिमो लियोपाल्ड नाम गरेको दार्शनिकले मानिसहरूको दुःख तथा ठूलो असंतुष्टिको बारेमा आफ्नो भावना यसरी व्यक्त गरेका थिए, "जबसम्म मानिसले आफू जिइरहेको अनुभव गर्दछ, तबसम्म उसले नरामाइलो र पिडाको पनि अनुभव गर्नैपर्छ।"

जसले जुनसुकै आश्वासन वा नयाँ भविष्यको सपना देखाएतापनि यस संसारको जीवन संघर्षमय नै छ। संसारमा खराब तत्वहरू यत्तिका छन् कि तिनीहरूलाई कुनै असल तत्वले उछिन्न सक्दैन। त्यसैकारण पत्रुसको प्रश्न अत्यन्त जायजै देखिन्छ। *हामीहरूको जीवन कठोर र संघर्मय भएको कारणले येशूलाई पछ्याउँदा हामीलाई के फाइदा हुन्छ र? येशूले अपेक्षा गरेको अनुसार हामीले जीवन बितायौं भने हामीले के पाउँछौं र?*

पत्रुसको जिज्ञासालाई येशूले कसरी जवाफ दिनुभयो हेर्नुहोस् मत्ती १९:२८-२०:१६, "२८ येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरू जो मेरो पछि लागेका छौ, नयाँ सृष्टिमा जब मानिसको पुत्र आफ्नो महिमाको सिंहासनमा बस्नेछ, तब तिमीहरू पनि बाह्र सिंहासनमा बस्नेछौ, र इस्राएलका बाह्र कुलमाथि इन्साफ गर्नेछौ। २९ हरेक जसले मेरो नाउँको खातिर घर, दाजुभाइ वा दिदी-बहिनी अथवा बुबा वा आमा वा छोरा-छोरी वा जग्गाजमिन छोड़ेको छ, त्यसले सय गुणा पाउनेछ, र अनन्त जीवनको अधिकार पाउनेछ। ३० तर धेरै जो पहिला छन् पछि पर्नेछन्, र पछि हुनेहरूचाहिँ पहिला हुनेछन्।" र मत्ती २०:१-१६ "१ "स्वर्गको राज्य एक जना जमिन्दार जस्तै हो, जो बिहान सबेरै आफ्नो दाखबारीमा खेतालाहरूलाई ज्यालामा काम लाउन बाहिर निस्क्यो। २ खेतालाहरूसँग एक दिनमा पाउने ज्याला तोकेर उसले तिनीहरूलाई आफ्नो दाखबारीमा पठायो। ३ "जब ऊ नौ बजेतिर बाहिर निस्क्यो, उसले अरूहरूलाई बजारमा बेकाम उभिरहेका देख्यो, ४ र उसले तिनीहरूलाई भन्यो, 'तिमीहरू पनि दाखबारीमा जाओ, र जे उचित छ म तिमीहरूलाई दिनेछु।' ५ अनि तिनीहरू गए। "फेरि उसले बाह्र बजेतिर र तीन बजेतिर बाहिर निस्केर त्यसै गऱ्यो। ६ उसले पाँच बजेतिर बाहिर निस्केर अरूहरूलाई उभिरहेका भेट्टायो, र तिनीहरूलाई भन्यो, 'तिमीहरू किन यहाँ दिनभरि बेकाम उभिरहेका छौ?' ७ "तिनीहरूले उसलाई भने, 'कसैले हामीलाई ज्यालामा लगाएको छैन।' "उसले तिनीहरूलाई भन्यो, 'तिमीहरू पनि दाखबारीमा जाओ।' ८ "जब साँझ पऱ्यो, तब दाखबारीको मालिकले आफ्नो कर्मचारीलाई भन्यो, 'खेतालाहरूलाई बोलाएर आखिरी आउनेहरूदेखि लिएर पहिला आउनेहरूसम्मलाई तिनीहरूका ज्याला देऊ।' ९ "पाँच बजे काममा लागेकाहरू आए, र तिनीहरू हरेकले पूरा दिनको ज्याला पाए। १० जब पहिला ज्यालामा लागेकाहरू आए, तब तिनीहरूले बढ्ता नै पाउँला भन्ने विचार गरे, तर तिनीहरू हरेकले पनि एक दिनको ज्याला पाए। ११ ज्याला पाएपछि

जमिनका मालिकको विरुद्धमा तिनीहरू गनगनाउन लागे। १२ तिनीहरू भन्न लागे, 'यी पछिल्लाहरूले एक घण्टा मात्र काम गरे, तर तपाईंले तिनीहरूलाई हामी दिनभरिको भार बोक्नेहरू र चर्को गर्मी सहनेहरूसरह तुल्याउनुभएको छ।' १३ "तर उसले तिनीहरूमध्ये एक जनालाई जवाफ दियो, "मित्र, मैले तिमीमाथि केही अन्याय गरेको छैनँ। के तिमीले मसँग पूरा एक दिनको ज्यालामा काम गर्ने कबूल गरेका होइनौ? १४ तिम्रो पाउने ज्याला लिएर जाऊ। यस पछिल्लालाई पनि तिमीलाई दिएजति म दिन चाहन्छु। १५ मेरो जति छ, त्यो म आफूले चाहेजस्तो गर्न सक्दिनँ र? मेरो उदारतामा तिम्रो आँखा किन जल्ने? १६ "यसरी नै पछिल्ला पहिला हुनेछन् र पहिला पछिल्ला हुनेछन्।"

**मानिसको स्वभाव जान्ने येशूले पत्रुसलाई आफ्नो स्वार्थ देखाएकोमा हप्काउनु भएन। पहिले त उहाँले प्रश्नको सिधै जवाफ दिनुभयो। अनि उहाँले जमिन्दार र कामदारहरूको अर्ती कथा भन्नुभयो। जमिन्दारले आफ्नो उदार दिल अनुसार सबैलाई एउटै ज्याला दिएको थियो। सयौं वर्षदेखि त्यस कथाको अर्थको बारेमा धेरै चर्चाहरू भइरहेको पाइन्छ। तर त्यसको आधारभूत जवाफ त स्पष्ट छः उहाँले हामीलाई जे प्रतिज्ञा गर्नुभएको थियो, सो हामीले पाउनेछौं।**

यदि तपाईंलाई कसैले "म क्रिश्चियन भएँभने मैले के पाउँछु?" भनेर प्रश्न राखे तपाईंले कस्तो जवाफ दिनुहुन्छ?

## ५. "हामी सक्षम् छौं" (मत्ती २०:२०-२७)

**मत्ती २०:२०-२७मा याकूब र यूहन्नाको आमाले येशूसँग गरेको अनुरोधलाई पूरा रूपमा बुझ्न लूका ९:५१-५६ पढ्नुपर्छ। यरुशलेममा जान्दै गर्दा याकूब र यूहन्नाले आफूहरू परमेश्वरको राज्यमा येशूको दायाँबायाँ बस्न सकिन्छ कि भनेर अनुरोध गरेका थिए। त्यसकै केही दिन अघि तिनीहरूको आमाले येशूलाई आफ्ना छोराहरूको निम्ति त्यही अनुरोध गरेकी थिइन्।**

मत्ती २०:२०-२७को साथमा लूका ९:५१-५६ पढ्नुहोस् जसमा याकूब र यूहन्ना येशूको दायाँबाँया बस्न कतिको सक्षम भएका रहेछन् भनेर देखाउँदछ। मत्ती २०:२०:२८ "२० तब जब्दियाका छोराहरूकी आमाले आफ्ना छोराहरूलाई साथमा लिई उहाँको सामुन्ने घुँड़ा टेकी उहाँसँग बिन्ती गरिन्। २१ उहाँले तिनलाई सोध्नुभयो, "तिमी के चाहन्छ्यौ?" तिनले उहाँलाई भनिन्, "आज्ञा गर्नुहोस् र तपाईंको राज्यमा, मेरा यी दुई छोराहरूमध्ये एउटा तपाईंको दाहिने हातपट्टि, र अर्को तपाईंको देब्रे हातपट्टि बस्न पाऊन्।" २२

तर येशूले जवाफ दिनुभयो, "तिमीहरू के मागिरहेछौ सो जान्दैनौ। जुन कचौरा मैले पिउन लागेको छु, के त्यो तिमीहरू पिउन सक्छौ?" तिनीहरूले भने, "सक्छौं।" २३ उहाँले भन्नुभयो, "मेरो कचौरा तिमीहरू पिउनेछौ, तर मेरो दाहिने र देब्रेपट्टि बस्न दिने कुरो मेरो हातमा छैन। यी स्थान तिनीहरूका हुन्, जसका निम्ति मेरा पिताले तयार गरिसक्नुभएको छ।" २४ यो सुनेर दशै जना ती दुई भाइसँग रुष्ट भए। २५ तर येशूले तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, "तिमीहरूलाई थाहा नै छ, कि अन्यजातिका शासकहरूले तिनीहरूमाथि निरङ्कुश शासन गर्दछन्, र ठूलाठालुहरूले तिनीहरूमाथि अधिकार जमाउँछन्। २६ तिमीहरूका बीचमा यस्तो हुनेछैन, तर जो तिमीहरूमा ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्छ। २७ जो तिमीहरूमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको कमारो हुनुपर्छ, २८ जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन आयो।" र लूका ९:५१-५६ "५१ उहाँको स्वर्गारोहणको दिन नजिकै आइपुग्दा उहाँले यरूशलेमतिरै जाने अठोट गर्नुभयो। ५२ अनि उहाँले समाचार लाने मानिसहरूलाई पहिलेबाटै पठाउनुभयो। तिनीहरू गए, र उहाँको निम्ति सबै कुरा तयार पार्नलाई सामरीहरूको एउटा गाउँमा पसे। ५३ तर यरूशलेमतिर जाने उहाँको दृढ़ विचार थाहा पाएर तिनीहरूले उहाँलाई स्वागत गरेनन्। ५४ तब यो देखेर उहाँका चेलाहरू याकूब र यूहन्नाले भने, "प्रभुज्यू, के तपाईं चाहनुहुन्छ कि स्वर्गबाट आगो बर्साएर यिनीहरू भस्म होऊन् भनी हामी आज्ञा गरौं?" ५५ तर फर्केर उहाँले तिनीहरूलाई हप्काउनुभयो। ५६ अनि उहाँहरू अर्को गाउँतिर जानुभयो।"

**बज्रका छोराहरू भनेर कहलाइने याकूब र यूहन्ना अरूको मुक्ति भन्दा आफ्नो भविष्यको बारेमा चिन्तित थिए। छरछिमेकीहरूमा सुससमाचार प्रचार गरिसकेपछि तिनीहरूकी आमाले तिनीहरूको भाऊ खोज्न आएकी थिइन्।**

**येशूको जवाफलाई राम्ररी हेर्नुहोस्। "तिमीहरूलाई थाहा छैन तिमीहरूले के माग्दैछौ। जुन् कचौरा म पिउँन गइरहेको छु सो पिउन र जुन् बप्तिस्मा म लिन गइरहेको छु सो लिन के तिमीहरू तयार छौ?" (मत्ती २०:२२ रूपान्तरित)। अर्थात् येशूको भविष्यको महिमित जीवनभन्दा पहिले उहाँले दुःख कष्ट र मृत्युका सामना गर्नु पर्ने निश्चित थियो। येशूका चेलाहरूले ती कुराहरू भोग्न अपेक्षा गरेका थिएनन् न त तयारी नै थिए। "हामी सक्षम् छौं" भनेर**

जवाफ दिनुको अर्थ तिनीहरूलाई यो थाहा थिएनन् कि तिनीहरूलाई येशूले के सतर्क गराइरहनुभएको थियो। तिनीहरूले पछिमात्र थाहा पाएका थिए।

यदि हामीले येशूलाई पछ्यायौं भने हामीले अनन्त जीवन पाउनेछौं र हामीले नसोचेका आशिषहरू पाउनेछौं भनेर अघिल्लो बुँदामा हेरेका थियौं। फेरि त्यसैबखत बाइबलले स्पष्टरूपमा बताउँछ कि जब हामी येशूलाई पछ्याउँछौं तब हामीले मोल पनि चुकाउनु पर्दछ र कहिलेकाहीं हामीले सोचेको भन्दा ठूलो मोल पनि चुकाउनु पर्ने हुन्छ। मानिसले उसलाई कसरी मार्नेछ भनेर पछि येशूले भन्नुभएको थियो (यूहन्ना २१:१८,१९)। विश्वको इसाई इतिहासमा चालिस करोडभन्दा बेसी मानिसहरू येशूलाई पछ्याउँदा क्रुर मानिसहरूको शिकार बनेका थिए। आज पनि येशूलाई पछ्याउँदा कतिपयले मोल तिरिरहेका छन्। प्रभुलाई पछ्याउँदा केही उच्च मोल तिरेनौं भने उहाँसँगको हिँडाइमा केही कमी भइरहेको छ कि भनेर सोच्नु बुद्धिमानी हुन्छ। हामीले जे त्याग गरेतापनि वा मोल चुकाएतापनि अनन्त जीवनको दाँजोमा त्यो केही पनि होइन।

येशूको पछि लाग्दा तपाईंले के मोल चुकाउनुभयो?

**उपसंहार:**

थप जानकारी: कहिलेकाहीं प्रकृतिको नियम भनेर कतिपयले बादबिबाद गरेको शताव्धीयौंदेखि पाइएको छ। त्यो धेरै प्रकार वा आकारमा आउँछ। प्राकृतिक संसारबाट आत्मिक सुत्र वा नितिहरू आउँछन जसले हामीहरूको क्रियाकलापलाई डोऱ्याउन सक्छ भन्ने धारणा त्यस प्राकृतिक नियमको परिधिभित्र परेको हुन्छ। प्रकृति परमेश्वरको दोस्रो पुस्ताको हो भनेर कतिपय इसाईहरूले बिश्वास गर्दछन्। त्यसमा केही सत्यता भएको हामी स्वीकार गर्न सक्छौं। प्राकृतिक संसार वा भौतिक संसारबाट मानिसहरूले के सिक्नुपर्छ भनेर पावलले रोमी १:१८-३२मा व्यक्त गरेका छन्।

फेरि त्यसै बखत यो संसार पापी संसार हो भनेर हामी बिर्सनु सक्दैनौं। हामीले जे हेर्छौं त्यो पापले दुषित भएको दिमागले हेर्छौं। त्यसले गर्दा प्रकृतिबाट पनि हामीले परमेश्वरको बारेमा गलत धारणाहरू सिक्नसक्नेमा हामीले अचम्म मान्नुहुन्न। ग्रीक वा युनानी सभ्यताको प्रख्यात दार्शनिक आरिस्टोटलले प्रकृतिकै आधारमा दासत्व सृजिएका हुन् भनेर सिकाएका थिए। मानिसहरू दुई जातको हुन्छन् भनेर प्रकृतिले देखाउँछ भनेर उनले विश्वास गरेका थिए। एउटा जाति पशु जस्तो भएको हुनाले त्यो जाति दासमै रहनु उसको निम्ति हितकर हुन्छ

भनेर उनि भन्दथे। संसारका निति, मूल्यमान्यता र धारणाहरूमा त्यो केवल एक मात्र हो जुन् परमेश्वरको राज्यको नितिसँग मेल खाँदैन। त्यसैकारण हामी जहाँ जन्मेतापनि वा हुर्केतापनि मानिसको बारेमा सही व्याख्या गर्न परमेश्वरको वचनको अध्ययन गर्नु आवश्यक छ। परमेश्वरकै वचनबाट हामीहरूले आत्मज्ञानहरू, हामीहरूको मानव मूल्यमान्यता र हामीहरूको जीवनलाई परिचालन गर्ने नितिहरू पाउँदछौं। परमेश्वरको वचनबाहेक अरू कुनै ज्ञानको स्रोत भरपर्दो छैन जसले हामीहरूको सही मूल्याङ्कन गर्दछ।

**चिन्तनमनन:**

**अ.** हामीलाई चित्त दुखाउने र नोक्सान पुऱ्याउने सबैलाई हामीले क्षमा दिनुपर्छ भनेर येशूले हामीलाई सिकाउनुभएको छ। **तपाईंको नजिक भएको को होला जसले तपाईंलाई हानी पुऱ्याएको छ। उसप्रति तपाईं रुष्ट त हुनुहोला, तर उसलाई क्षमा दिनसक्ने बिन्दुमा तपाईं कसरी पुग्न सक्नुहुन्छ?**

**आ.** **बाइबलले देखाएका निति, मूल्यमान्यता र हिँड्नुपर्ने चालचलनसँग तपाईं रहेको समाज कति भिन्न छन् सोच्नुहोस्। बाइबलसँग मेल नखाने ती चलनहरूसँग हामी कसरी मिलेर जाने?**

**इ.** **महान् हुनुभनेको बालक जस्तो नम्र हुनु हो भन्ने येशूको धारणालाई गहिरिएर सोच्नुहोस्। हामी इसाई भनेर दावी गर्नेहरूको निम्ति त्यो धारणा किन चुनौतिपूर्ण हुनसक्छ?**

**ई.** **सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले हामीहरू परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूलाई शिरोपर गर्नुपर्छ भनेर हामी विश्वास गर्दछौं। धनी मानिस र येशूको बिचमा भएको बार्तालावमा बाहिरिरूपमा परमेश्वरको व्यवस्था पालन गरेर पुग्दैन भनेर हामीहरूले कसरी बुझ्ने? सही इसाई धर्ममा दश आज्ञाहरूमात्र होइन अरू पनि किन समावेश हुनुपर्छ भनेर बुझ्नुपर्छ?**